तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा, प्रदेश नं. ३

**सिलबन्दी तथा विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना**

## प्रथम पटक प्रकाशित मितिः २०७६।०९।०२

१. तामाकोशी गाउँपालिकाको स्वीकृत कार्यक्रमबाट तपसिलमा उल्लेखित कार्य सिलबन्दी तथा विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वान गरी सडक स्तरोन्नती तथा रंगशाला निर्माण कार्य गराउनु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट खरिद प्रकृयामा सहभागी हुन यो बोलपत्र आव्हान गरिएको छ ।

२. सिलबन्दी बोलपत्रबाट प्रक्रियामा सहभागी हुन इच्छुक रहने निर्माण व्यवसायीले तोकिएको फारम दस्तुर तपशिलमा उल्लेख भए अनुसार फिर्ता नहुने गरि नगदै बुझाई सो को नगदी रसिद सहित निवेदन पेश गरी मिति २०७६।१०।०२ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने तथा विद्युतिय खरिद प्रक्रियामा सहभागी हुन चाहने फर्महरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको website Centralize EGP portal www.bolpatra.gov.np/egpमार्फत खरिद गर्न सकिन्छ।

बोलपत्र बिक्रिको रकम दाखिला गर्ने बैंक खाता सम्बन्धि विवरण :-
बैंकको नामः- नेपाल बैंक लिमिटेड, चरिकोट शाखा, दोलखा
तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको संचित कोष खाता नं : १३००३००००००००४००१०१३

३. यस कार्यालयबाट खरिद गरी तयार पारिएको बोलपत्रमा कामको विवरण, ठेक्का नं., बोलपत्र दाता फर्मको नाम, ठेगाना प्रष्ट संग लेखि दस्तखत र छाप लगाई कार्यालयलाई सम्वोधन गरेको बोलपत्र मिति २०७६।१०।०३ गते दिनको १२:०० बजे सम्म hard copy मार्फत छुट्टा छुट्टै सिलबन्दी खाममा यस कार्यालयमा र विद्युतिय खरिद प्रक्रिया मार्फत सहभागी हुने बोलपत्र दाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको website Centralize EGP portal www.bolpatra.gov.np/egpमार्फत छुट्टा छुट्टै PDF Format मार्फत upload गर्नुपर्नेछ ।

४. प्राप्त भएका बोलपत्रहरु मिति २०७६।१०।०३ गते दिनको २:०० बजे कार्यालयका कर्मचारी र निर्माण व्यवसायी वा निजको प्रतिनिधिको रोहबरमा तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, जफेमा खोलिने छ । निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बांधा पर्ने छैन ।

५. बोलपत्र साथ मूल्य अभिवृद्धि कर प्रमाण-पत्र र इजाजत प्रमाण-पत्र (आ.व.२०७६।०७७ को लागि नविकरण भएको) तथा आ.व. २०७५।०७६ सम्मको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी वा आन्तरिक राजश्व कार्यालयमा कर दाखिला गरेको कागजात संलग्न भएको हुनु पर्नेछ ।

६. बोलपत्र पेश गर्दा बोलपत्रका साथ तपसिलमा उल्लेखित धरौटी रकम तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जफेको नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको धरौटी खाता नं.१३००३००००००००३०००१२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोही रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त 'क' वर्गको वाणिज्य बैंकवाट कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन सम्म म्याद भएको बैंक जमानी पत्र(Bid Bond) को सक्कलै प्रति अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

७. बोलपत्र सम्बन्धि कार्य यस संगै तयार भएको कागजात (Bidding Document) अनुसार हुनेछ । बोलपत्र सम्बन्धि कागजात (द्यष्ममष्लन म्यअगmभलत) मा छुट भएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ । यस सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयबाट जानकारी प्राप्त गर्न सकिनेछ ।

८. बोलपत्रखरिद गर्ने अन्तिमदिन सार्बजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खोलेको दिनमा खरिद गर्न र सो को भोलीपल्ट १२ बजे भित्र दर्ता गर्न सकिनेछ ।

९. बोलपत्र दाताहरुलाई आफ्नो बोलपत्र बुझाउनु अगावै यस कार्यसंग सम्बन्धित विभिन्न सम्भावित जोखिमप्रति जानकारी लिनको लागि सडक तथा रंगशाला स्थलको निरीक्षण गर्नको लागि सुझाव दिईएको छ ।

१०. रित नपुगी र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

११. कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**तपसिलः-**

| ठेक्का नं. | कामको विवरण | लगत अनुमान (मू.अ.कर र कन्टिजेन्सि वाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 04/TRM/NCB/Works/2076-077 | वडा कार्यालय-गैरिबेसी-झुले र फल्लिँडे-गुप्तेश्वर-कागते-हल्लिनडुङ्गा सडक स्तरोन्नतीको काम | ७६,३४,६१८.०६ | २,२९,०३९.०० | ३000.00 |
| 05/TRM/NCB/Works/2076-077 | तामाकोशी-मानेडाँडा-छौडे-देउराली र मालुखोला-डाँडागाँउ-फ्यातल-छौडे सडक स्तरोन्नतीको काम | ७६,७८,८५५.९६ | २,३०,३६६.०० | ३000.00 |
| 06/TRM/NCB/Works/2076-077 | ढाक्रेबास-भोर्ले-सडक स्तरोन्नतीको कामर रंगशालानिर्माण | ७३,०३,६०४.१४ | २,१९,१०९.०० | ३000.00 |
| 07/TRM/NCB/Works/2076-077 | देउराली-वाघखोर-जँघारे र देउराली-लामीडाँडा-दुम्सिझाँङ सडक स्तरोन्नतीको काम | ७८,४२,१२३.५४ | २,३५,२६४.०० | ३000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**